# आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश
२०७८

**श्री नगरसभा अध्यक्ष तथा नगर प्रमुख ज्यू,**

यस तारकेश्वर नगरपालिकाको नवौं नगर सभामा तयार गरिएको नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गरी रहँदा सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि वलिदानी दिने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रध्दाञ्जली व्यक्त गर्दछु । "सुखी नेपाली, समृद्ध नेपाल " वनाउने नेपाल सरकारको नीतिलाई हृदयङ्गम गरी नगरवासीको आकाङ्छा, दिगो विकासको अवधारणालाई ध्यान दिई उपलव्ध स्रोत साधनलाई अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाई विकास निर्माणलाई अगाडी बढाउने उद्धेश्य अनुरुप यो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिएको छ ।

हामी विकास निर्माणमा पाइला चाल्दै गर्दा नेपाल लगायत विश्वभरि नै फैलिएको कोरोना भाईरसले विश्व आक्रान्त भई रहेको समयमा हाम्रो नगरपालिका समेत अछुतो रहन सकेन । मिति २०७८।०३।०८ सम्म हाम्रो नगरपालिका भित्र ४७०८ जनालाई कोराना भाइरसले आक्रान्त पार्यो भने यसै रोगको कारणवाट ४९ जना नगरवासी गुमाउनु परेको पिडा समेत हामी सँग ताजै छ । यस्तो विषम परिस्थितिमा नागरिकहरुको सेवामा समर्पित हुने जनप्रतिनिधि एवं कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । कोभिड १९ सँग जुद्दै यसको असरलाई न्यूनीकरण गर्न धेरै प्रयासहरु पनि गरियो, हाम्रा धेरै स्रोत साधनहरु पनि यसैमा खर्च भएको छ । यस्तो विषम परिस्थितिमा पनि कोराना भाइरसवाट वच्दै जनप्रतिनिधिहरु जनताको घर दैलो जाने कार्यलाई समेत निरन्तरता दिने क्रममा जनताको सेवामा समर्पित भै रहेको अवस्थामा कतिपय जनप्रतिनिधिहरु तथा कर्मचारीहरु कोराना भाइरसवाट समेत वच्न सक्नु भएन । यस अवसरमा संक्रमित हुन पुग्नु भएका जनप्रतिनिधिहरु तथा कर्मचारीहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

स्थानीय तह आफैमा स्थानीय सरकार समेत भएकाले जनताको घर दैलोमा देखिएको समस्या, उनीहरुको आवश्यकता, विकास निर्माणको चाहनालाई नजिकवाट हेरी सोही

अनुसारका नीति तथा कार्यक्रम तय गर्ने जमर्को गरेका छौं । हाम्रा आवश्यकताहरु धेरै छन् ।हाम्रा महत्वकाङ्छाहरु समेत असिमित छन् । ती आवश्यकता र महत्वकाङ्छालाई प्राथमिकताको आधारमा पूरा गर्दै जाने तर्फ निस्वार्थ प्रयास गरिएको व्यहोरा यो गरिमामय सभामा व्यक्त गर्न चाहन्छु ।

अन्य स्थानीय तह भन्दा आफ्नै विशिष्टता रहेको हाम्रो नगरपालिका परम्परागत रितिरिवाज तथा प्राकृतिक स्रोत साधनको सम्भाव्यता, उपलव्धता तथा विकासका पूर्वाधारको आधारमा समेत विविधता रहेको छ । संघीय लोकतान्त्रिक राजनीतिक व्यवस्था सहितको संविधानमा व्यवस्था भएको स्थानीय सरकारको एकल तथा साझा अधिकार सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न तथा संघ र प्रदेश वीचको समन्वयलाई वढावा दिई जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी जनतामा गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यका साथ हामी अगाडि वढिरहेका छौं ।

स्थानीय आवश्यकताका आधारभूत पूर्वाधारहरुको व्यवस्था गर्दै समृद्द नगर वनाउने हाम्रो प्राथमिकता रहेको छ । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वातावरण, समावेशी विकास जस्ता क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्दै आइरहेका छौं । असिमीत विकास निर्माणका हाम्रा चाहानालाई हाम्रो स्रोत साधनले समेट्न नसकिएका कतिपय योजनाहरुलाई संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघसंस्थाहरुको समन्वयमा कार्यन्वयन गर्दे लगिएको छ ।

स्थानीय तहको अधिकार क्षेत्र भित्रको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका लागि अल्पकालिन, मध्यकालीन र दीर्घकालीन कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने जिम्मेवारी समेत हाम्रै हो । यो जिम्मेवारी वहन गर्ने क्रममा नगरपालिका क्षेत्रको समष्टिगत विकासको लागि आवश्यक वार्षिक विकास योजना वनाई कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

अब म चालु आ.व. मा भए गरेका मुख्य मुख्य कार्यहरुको संक्षेपमा यस नगरसभा समक्ष जानकारी गराउन चाहन्छु ।कोभिड १९ महामारीको उपचारका लागि साङ्गला प्राथमिक स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी डाक्टर सहितको आवश्यक जनशक्ति, एक्सरे मेशीन लगायतका उपकरणहरुको व्यावस्था गरी नागरिकहरुको स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिने कार्य गरिएको छ। यस नगरपालिका र प्रसूतीगृह थापाथलीको सहकार्यमा मनमैजु स्वास्थ्य चौकीमा प्रत्येक महिनाको दोश्रो र चौथो बुधवार विषेशज्ञ सहितको प्रसूती सेवा संचालन गर्ने कार्यको थालनी गरिएको छ । तारकेश्वर नगरपालिकाको वडा नं ११ मा आयुर्वेद आरोग्य सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह गरिएको छ।

यस नगरपालिकाको ट्राफिक व्यवस्थापनका लागि ट्राफिक प्रहरी विट स्थापना गरी सञ्चालनमा ल्याईएको छ । यस आ.व. देखि नगरपालिका भए गरेका गतिविधिहरुको जानकारी गराउने उद्धेश्यले चौमासिक रुपमा तारकेश्वर नगर बुलेटिन प्रकाशन गर्दै आईरहेको छ । हामी निर्वाचित भएको ४ वर्ष पूरा भई पाचौं वर्षमा आईपुग्दा सबैको सहयोग र समन्वयबाट यस अवधिमा भए गरेका कार्यहरुको विस्तृत वृत्तचित्र तयार गरिदैंछ ।

योजना तथा अनुगमनलाई थप प्रभावकारी बनाउनका लागि विद्यमान सांगठनिक संरचनामा सुधार र जनशक्ति व्यावस्थापन गरिदै आईएको छ । कर्मचारीहरुको मनोबललाई उच्च राख्नका लागि सूचकमा आधारित प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिएको छ । साथै साविक स्थानीय तहका स्थायी कर्मचारीहरुको लागि स्तरवृद्धि प्रकृया अगाडी बढाईने छ। त्यसैगरी लामो समयदेखि करारमा काम गरिरहेका कर्मचारीलाई प्रचलित कानूनको परिधि भित्र रहि स्थायीत्व दिने तर्फ पहल गरिनेछ।

आर्थिक,सामाजिक,साँस्कृतिक र भौगोलिक विविधताका वावजूद उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक, सामाजिक र भौतिक पूर्बाधार

बिकासका लागि आवश्यक बार्षिक बिकास योजना बनाई कार्यान्वयन गर्नका  लागिआ.व. २०७८/०७९को वार्षिक नीति,कार्यक्रम तथा बजेट यहाँहरुको सामु प्रस्तुत गर्दैछु ।

नगरसभा सदस्यज्यूहरु, अहिले कोरोना संक्रमणको कारण सिर्जित निषेधाज्ञाले गर्दा चालु आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्य लिइएका विकास निर्माणका केही कार्यहरु सम्पन्न हुन नसकेका कारणउक्त कार्यहरु आगामी आ.व. २०७८/०७९ को प्रथम चौमासिक अवधि सम्म कार्यान्वयन एवं सम्पन्न गर्ने गरी निरन्तरता दिने ब्यहोरा यस सभा समक्ष जानकारी गराउँदछु ।

आगामी आ.व.२०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा गठित श्रोत अनुमान समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति र अन्य बिषयगत समितिहरु र नगरसभा तयारीका लागि गठित कार्यदलको राय सुझाब, संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनआदिलाई आधार मानी कार्यपालिका बैठकबाट प्रस्ताबित आर्थिक विधेयक, २०७८, विनियोजन विधेयक, २०७८, र अन्य नीतिगत निर्णयहरु नगरसभा समक्ष प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अब म नगरपालिकाको आ.ब. २०७७/०७८ मा विनियोजित वजेटको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

चालु आर्थिक बर्षमा रु. २ अर्ब १७ करोड ९ लाख १६ हजार रुपैया (आठौं नगरसभाबाट संशोधित समेत) विनियोजित भएकोमा कुल विनियोजित रकम मध्ये २०७८ जेठ मसान्त सम्म रु. ९५ करोड ९० लाख २९ हजार रुपैया अर्थात ४४.१७ प्रतिशत खर्च रहेको छ । जस अन्तर्गत चालू तर्फ रु. ५६ करोड ९५ लाख ५० हजार विनियोजन भएकोमा २०७८ जेठ मसान्त सम्म रु. ३४ करोड १९ लाख ९३ हजार रुपैया अर्थात् ६० प्रतिशत र पुँजीगत तर्फ रु. १ अर्ब ६० करोड १३ लाख ६६ हजार रुपैया विनियोजन भएकोमा २०७८ जेठ मसान्त सम्म रु. ६१ करोड ७० लाख ३६ हजार रुपैया अर्थात ३८.५३ प्रतिशत खर्च भएको छ ।

**१) आर्थिक विकास तर्फः**

**क) कृषि**

नगरपालिकाको कृषि क्षेत्रलाई शशर्त अनुदान तर्फ रु ३४ लाख ५० हजार प्राप्त भएकोमा ३१ लाख ५० हजार खर्च भएको र नगरपालिकाबाट विनियोजित रु ५० लाख रकमबाट ४० लाख रुपैयाँ खर्च भएको छ। सशर्त अनुदान तर्फ पकेट विकास कार्यक्रम, नयाँ बहुउदेश्यीय नर्सरी स्थापना कार्यक्रम सञ्चालन भएको छ भने प्रदेश सशर्त अनुदानबाट मिनि डिजिटल माटो परिक्षण ल्याव स्थापना गरिएको छ । साथै नगरपालिकाबाट विनियोजन भएको बजेटबाट कृषकहरुलाई ५० प्रतिशत अनुदानमा धानको विउ, गहुँको विउ, कन्ये च्याउको विउ, मौरी घारगोला, हिउँदे र वर्षे फलफुलको विरुवा, मिनि टिलर, टनेल प्लाष्टीक, प्राङ्गारीक मल, कृषि चून, मकैमा लाग्ने फौजी किरा नियन्त्रणका लागि किटनाशक औषधी

वितरण , हावाहुरी पिडित कृषकहरुका लागि निःशुल्क टनेल प्लाष्टीक वितरण गरिएको साथै कौशी खेती तालिम समेत सञ्चालन गरिएको छ ।

**ख) पशु सेवा**

नगरपालिकालाई पशु सेवा कार्यक्रम तर्फ शशर्त अनुदान रु १७ लाख विनियोजन भएकोमा शत प्रतिशत खर्च भएको  र नगरपालिकाबाट विनियोजित रु ४५ लाखबाट ३६ लाख ५ हजार मात्र खर्च भएको छ । यस अन्तर्गत गोठ सुधार कार्यक्रम तर्फ ५० प्रतिशत अनुदानमा काउ म्याट वितरण,घाँसको विउ वितरण, सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम, भ्याक्सीन खरिद तथा व्यवस्थापन ,पशु स्वास्थ्य शिविर बर्ड फ्लु सम्बन्धी जनचेतना जस्ता कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

**ग) पर्यटन**

काठमाडौ महानगरपालिका र तारकेश्वर नगरपालिकाको साझेदारी कार्यक्रममा तारकेश्वर मन्दिरको पर्यटकिय पूर्वाधार विकासको कार्य सम्पन्न भएको छ । साथै भ्यू टावरमा निजी तथा सामाजिक संस्था सँगको साझेदारीमा भ्यू टावर संरक्षण, व्यावस्थापन र संचालनको कार्यक्रम शुरु गरिएको  छ । साथै तारकेश्वर नगरपालिकाको पहिचान गर्न र धर्म, संस्कृती परम्पराको प्रचार प्रसारका लागि तारकेश्वर नगरपालिकाको सम्पदा, जात्रा र परम्परा नामक पुस्तक प्रकाशन गरिएको छ ।

**घ)सहकारी**

सहकारी क्षेत्रको विकासका लागि सबै नगरबासीहरुलाई सहकारीमा आबद्ध गराउने उदेश्यका साथ सहकारी ऐन २०७४ को आधारमा सहकारी नियमावली २०७८ नमुना तयार गरी अन्तिम रुप दिईएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सहकारी विभाग (सम्पत्ती शुद्धीकरण ईकाई) बाट माग गरेका विवरणहरु सहकारीबाट संकलन गरी पठाईएको

। सहकारी संस्थाहरुलाई कोपोमिस सम्बन्धी एकदिने तालिम गरी १९ वटा सहकारी संस्थाहरुलाई कोपोमिसको पासवर्ड उपलब्ध गराईएको साथै सहकारी सम्बन्धी वार्षिक विवरण संकलन गरी सहकारी संस्थाहरुको आवश्यकता र माग बमोजिम विनियम संशोधन गर्ने कार्य भईरहेको छ ।

**ङ) उद्योग तथा वाणिज्य**

उद्योग तथा बाणिज्य क्षेत्र तर्फ उपभोक्ता हकहितको लागि बजारको अस्वभाबिक गतिविधि नियन्त्रण गर्न बजार अनुगमन निर्देशिका तयार गरी अनुगमन कार्यलाई अगाडी बढाईएको छ ।

**२) सामाजिक विकास क्षेत्र तर्फः**

**क) स्वास्थ्य**

नगरपालिकाको स्वास्थ्य क्षेत्रलाई सशर्त अनुदान तर्फ रु. २ करोड ८० लाख ५१ हजार प्राप्त भएकोमा रु. २ करोड ७१ लाख ३१ हजार अर्थात ९७.४८ प्रतिशत रकम खर्च भएको र नगरपालिकाबाट विनियोजित रु. ८५ लाख मध्ये १०० प्रतिशत नै रकम खर्च भएको छ ।

विनियोजित रकमबाट साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी २५ बेड क्षमताको कोभिड आईसोलेशन सेन्टरमा स्तरोन्नती सञ्चालन गरिएको, डाक्टर लगायतको थप जनशक्तिको व्यावस्था गरी एक्सरे मेशीन लगायतका उपकरण जडान गरी सञ्चालन गरिएको छ । आधारभुत तथा आकस्मीक सेवाका लागि औषधी र स्वास्थ्य सुरक्षा सामाग्रीहरु वितरण, स्थानीय तह भित्रका स्वास्थ्यकर्मीहरु महिला स्वयंसेविकाको लागि आधारभूत तथा आकस्मीक सेवा अन्तर्गत आँखा,नाक कान,घाटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमूखीकरण कार्यक्रम,विद्यालय स्वास्थ्य शिक्षा,आमा समूह तथा स्थानीय तहका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान कार्यक्रम,डेंगु

लगायतका किटजन्य रोगहरुको नियन्त्रण र अभिमूखीकरण कार्यक्रम,मातृशिशु तथा नवशिशु लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

कोरोना भाईरस कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम, राहत बितरण, क्वारेन्टिन निर्माण र आबश्यक सामाग्री व्यबस्थापन, पि.सी.आर.का लागि स्वाव नमूना संकलन, एन्टिजेन परिक्षण लगायतका कार्यक्रम सम्पन्न भएको छ ।

**ख) शिक्षा**

नगरपालिकाको शिक्षा क्षेत्रको कार्यक्रममा सशर्त अनुदान तर्फ रु २३ करोड ४६ मध्ये २२ करोड ३९ लाख खर्च भई ९५.४१ प्रतिशतप्रगती भएको छ । नगरपालिकाबाट विनियोजित रु ९५ लाख रकमबाट १६हजार मध्ये ६४ लाख  ४८ हजार रुपैयाँ खर्च भई ६८ प्रतिशत प्रगती भएको छ ।

खर्च भएको रकमबाट कोभिड १९ को महामारी विच वैकल्पीक माध्यमबाट शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिईएको छ । कोभिड १९ बाट बची स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सहज वातावरण पश्चात् भौतिक रुपमा विद्यार्थीको पठनपाठन गरिएको ,जुम प्रविधिबाट शिक्षकका विभिन्न किसिमका तालिमहर संचालन गरिएको ,विभिन्न ७२ वटा पाठहरु तयार गरी सुनौलो तारकेश्वरको यूट्यूवमा राखिएको ,सामुदायिक विद्यालय क्षमता विकासका लागि विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिएको छ । महिला तथा धार्मिक विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रोत्साहन गर्ने किसिमका कार्यहरु गरिएको छ ।शिक्षा योजना निर्माण तथा शिक्षक दरबन्दी मिलान कार्यहरु अगाडी बढाईएको छ ।

**ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला विकास तर्फ)**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला विकास तर्फ) कार्यक्रममा शशर्त अनुदानतर्फ रु १२ लाख ९६ हजार प्राप्त भएकोमा रु. १० लाख ९६ हजार खर्च भई  ८५

प्रतिशत प्रगती भएको छ । साथै नगरपालिकाबाट रु. ४४ लाखविनियोजन भई ३३ लाख ८७ हजार ९ सय ५० खर्च भई ७७ प्रतिशत प्रगती भएको छ ।

महिलाहरुको लागि आयआर्जन कार्यक्रम अन्तर्गत ड्राईभिङ,मन्टेश्वरी तालिम सञ्चालन,विद्यालय तथा संस्थामा आश्रीत अपाङ्गता तथा अति विपन्न जेहेन्दार दलित जनजाती बालबालिकाहरुलाई शैक्षिक, पोशाक,स्वास्थ्य तथा खेलकुद सामाग्री वितरण,७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण र सार्वजनिक स्थानहरुमा सचेतनामूलक होडिङ बोर्ड राख्ने लगायतका  कार्यक्रमहरु गरिएको छ ।

**३) पूर्बाधार बिकासः**

- जिल्ला समन्वय समिति, काठमाडौंको साझेदारीमा तारकेश्वर नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य बहुबर्षीय योजना अन्तर्गत राखी यस आ.व. मा ठेक्का बन्दोबस्त भई मिति २०७७।०९।०१ गतेका दिन शिलान्यास गरीनिर्माण कार्य तदरुकताका साथ भईरहेको छ ।
- नगरस्तरीय योजना अन्तर्गत जरङ्कू चिसापानी तीनपिप्ले सडक खण्डमा ३५० मि. सडक पिच तथा २०० मि. सडक ढलान गर्ने कार्य सम्पन्न भईसकेको छ ।साथै सानो बाईपास चिसापानी सम्मको ढल व्यवस्थापन तथा पिच गर्ने कार्य अगाडी बढिरहेको ।
- शेषमती सानोपुल बोहराटार नागार्जुन मा.वि. सडकको करिव ३.५ कि.मी सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको ।
- सडक डिभिजन कार्यालयवाट निर्माण कार्य भएको अष्टनारायण हल दगुर्नेपानी शेषमती लामवगर भेडीगोठ हुदै फिरफिरे डाँडाँ काभ्रेस्थली सम्मको करिव ५.५ कि.मी सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- नेपालटार फुटुङ्ग साङ्गला सडकमा नगरपालिका र सडक डिभिजन कार्यालयबाट करिब २ कि.मि. कालोपत्रे र फुटुङ्ग देखि साङला सम्म डिमार्केशन गर्ने कार्य तथा कालोपत्रे सम्पन्न भईसकेको ।

- प्रदेश सरकारसंगको समन्वयमा गोंगवुको नयाँ पुल देखि मानसिंह मा.वि. हुदै न्यायिक प्रतिष्ठान सम्मको करिव १ कि.मी. सडक ढलान गर्ने कार्य सम्पन्न भईसकेको ।
- महादेव खोला र साङ्ले खोला कोरीडोरका लागि सम्वन्धित निकायसंग आवश्यक समन्वय गरी वजेटको व्यवस्थापन भई निर्माण कार्य अगाडी बढिरहेको छ ।
- शेषमती सानोपुल देखि कमेरेखोला सम्मको करिव ८०० मिटर सडक ठेक्का भई निर्माण कार्य सम्पन्न भईसकेको ।
- सनफ्लावर स्कूलदेखि बस्नेतटार सम्म करिव २ कि.मि. सडक कालोपत्रे तथा ढलान कार्य सम्पन्न भईसकेको छ ।
- वडा नं. ११ स्थित नमूना नगर टोल भित्र ५०० मि. खानेपानीको पाइप लाईन बिस्तार कार्य सम्पन्न भएको छ ।
- वडा नं. ३ र धादिङ जिल्लाको सिमानामा रहेको ख्यालवुच्चा बस्तीलाई यातायातको पहुँच भित्र पुऱ्याउने गरी स्ल्याव कलर्भट निर्माण सम्पन्न भएको छ ।
- वडा नं. ६ र ८ को सिमानामा पर्ने महादेव खोलामा ११.२५ मि.को मितेरी पुल निर्माण भईसकेको साथै वडा नं. ५ र ६ मा १/१ गरी २ वटा स्ल्याव कल्भर्ट निर्माण सम्पन्न भएको छ ।
- वडा नं. २ मा ७५ हजार लि. क्षमता भन्दा माथिका ४ वटा, वडा नं. ३ मा २ लाख लि. क्षमता भन्दा माथिको एउटा खानेपानी ट्याङ्की निर्माण सम्पन्न भएको छ ।
- वडा नं. १० को वडा कार्यालय भवनको शिलान्यास कार्यक्रम भई निर्माणकार्य अगाडी बढाईएको छ ।
- नगरपालिकाको ऐतिहासिक धरोहरका रुपमा रहेको तारकेश्वर मन्दिर काठमाडौं महानगरपालिका र तारकेश्वर नगरपालिकाको साझेदारीमा जिर्णोद्दार गर्ने कार्य सम्पन्न भईसकेको छ ।

**४) वातावरण तथा विपद् व्यवस्थापनः**

विपद् व्यबस्थापन तथा राहत उद्धार कार्यको लागी रु २ करोड विनियोजन भएकोमा राहत उद्धार, भौतिक संरचना संरक्षण, भू-संरक्षण, मर्मत सम्भार समेतमा २०७८ जेठ मसान्त सम्म रु. १ करोड १४ लाख रकम खर्च भएको छ ।

**५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन**

- नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र राख्ने कार्य भएको साथै सूचनामूलक सन्देश तथा कामको विवरण कार्यालयको धभदकष्तभ र डिजिटल डिस्प्ले बोर्ड मार्फतसंप्रेषण गर्ने कार्य भईरहेको छ ।
- नगरपालिकाका विभिन्न सूचनाहरु गोरखापत्र तथा अन्यराष्ट्रिय दैनिकमा प्रकाशन गर्ने कार्यको थालनी गरिएको छ ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक बिद्यालयहरुमा कार्यरत कर्मचारीहरुको ई-हाजिरी गर्ने र सोही अनुसारको कार्य सम्पादन मूल्यांकन गर्ने कार्यको थालनी भएको छ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता बिकासको लागी सार्वजनिक खरिद र राजस्व सम्बन्धी तालिम प्रदान गरिएको ।
- सेवाग्राही मैत्री वातावरण निर्माण स्मार्ट हेल्पडेस्क,मोवाईल चार्जर स्टेशन र सेवाग्राही बस्ने प्रतिक्षालय निर्माण गरिएको छ ।

**कानून तर्फः**

नगरपालिकामा हाल सम्म ११ वटा ऐन पारीत गरिएको छ भने नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड गरी जम्मा ४० वटा तर्जुमा भई कार्यान्वयनमा रहेको छ ।

**न्यायिक समिति तर्फः**

न्यायिक समितिमा आ.ब. २०७७/०७८ मा जम्मा मुद्धा दर्ता संख्या १७९ वटा भएकोमा हाल सम्म मेलमिलाप भएका मुद्धा ३७वटा, फैसला भएका मुद्धा ८३ वटा र हेर्दा हेर्दैका मुद्धामा ५९ रहेका छन् । प्राप्त उजुरी मध्ये जम्मा ६७ प्रतिशत उजुरीहरुको न्यायीय निरुपण गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

चालु आ.व मा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्य सम्पादनको अवस्था स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्य प्रगति जेठ मसान्त सम्म कूल बजेटको४४.१७ प्रतिशत मात्र रहेको छ । लक्षित योजना तथा कार्यक्रमहरु कोभिड-१९ का कारणले सोचे अनुरुप प्रगति हासिल गर्न नसकिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छौं । नगरपालिकाले लिएको विकास निर्माणको नीतिलाई सफल वनाउन सहयोग पुऱ्याउनु हुने सरोकारवाला निकाय तथा सम्पूर्ण नगरबासीहरुलाई नगरपालिका तर्फवाट आभार प्रकट गर्न चाहन्छौं ।

**सभाअध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अव म आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यावस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान,मानवअधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि राष्ट्रले लिएको **समृद्ध नेपाल, सुखी नेपाली** को आकाङ्क्षालाई आत्मसात गर्दै नगरको विकास कार्यमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गरी जनतालाई सार्वभौम बनाउने कार्यमा तारकेश्वर नगरपालिका निरन्तर रुपमा लागि रहेको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउदै आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १) पूर्वाधार विकासः

- नगरपालिकाको बस्ती विकासको लागि तारकेश्वर नगरपालिकाको भवन निर्माण तथा नक्सा पास सम्बन्धी मापदण्ड,२०७६ को कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
- पूर्वाधार विकासमा विशेषगरी मूलसडकहरुलाई कालो पत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।
- सडक तथा अन्य पूर्बाधारको मर्मत सुधार तथा स्तरोन्नति गर्न "मर्मत सम्भार कोष" स्थापना गरी सो कोष परिचालनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।
- अनाधिकृत रुपमा निर्माण हुने संरचनाको नियन्त्रण गर्न आवश्यक नीति कार्यान्वयनमा ल्याइनेछ ।
- वडास्तरीय विकासमा टोल सुधार समितिलाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र रहेका पुराना तथा धार्मिक महत्व बोकेका वस्तीहरुलाई सांस्कृतिक, ऐतिहासिक स्थानको रुपमा विकास गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- सार्वजनिक जग्गा अतिक्रमण गर्ने, बाटो खोल्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ ।
- नगरपालिकाको मूल सडकहरुमा क्रमशः सडक बत्तीको व्यवस्था गरी नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पूर्वाधार विकासलाई वातावरण मैत्री र अपाङ्गतामैत्री वनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका योजना/कार्यक्रम बाहेक अन्य पूर्वाधार, निर्माण कार्यक्रमहरुको सम्झौता चैत्र मसान्त सम्म गरी सक्नु पर्ने नीति लिइनेछ ।
- भूकम्प पुननिर्माण कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुले निर्माण गर्न बाँकी रहेका घर निर्माण कार्यमा आबश्यक सहजीकरण गरिने छ ।

## २) आर्थिक विकासः

### क) कृषि तथा पशु सेवा

- कृषि तथा पशु सेवा क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि तथा पशुपालन पेशामा हुन सक्ने जोखिम न्यूनिकरण गर्न वीमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उक्त कार्यक्रमको निरन्तरता दिइनेछ ।
- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न घुम्ती माटो परीक्षण शिविर संचालन गरिनेछ ।
- कृषकहरुलाई प्रोत्साहन गर्न अनुदान, कृषि तालिम, आधुनिक कृषि प्रणाली र कृषि पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- कृषि एवं पशु क्षेत्रमा पकेट विस्तारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कौसी खेतीलाई शहरी कृषिको रुपमा विकसित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बेरोजगार युवाहरुलाई कृषिमा आकर्षित गर्न र स्थानीय स्तरमा नै रोजगारी सिर्जना गर्नका लागि आवश्यक क्षमता विकास सम्बन्धी तालिम, प्राविधिक सीप र सहयोग उपलब्ध गराईनेछ ।
- प्राङगारिक खेतीलाई आकर्षित गर्न अनुदानमा प्राङ्गरिक मल वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादकत्वलाई अभिवृद्धी गर्नका लागि नगर कृषि शाखामा मिनि ल्याब स्थापना गरी माटो परीक्षण कार्य सञ्चालन गरिनेछ ।
- पशु रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रम, रेविज नियन्त्रण कार्यक्रम तथा सामुदायिक कुकुर नियन्त्रण तथा ब्यबस्थापनका लागि वन्ध्याकरण तथा स्पेइङ्गजस्ता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

- कृत्रिम गर्भाधानबाट गाई भैसीलाई गर्भाधान गराउने कार्यलाई निरन्तरता दिईने कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउनका लागि पशुपालक कृषकहरुको गाई, भैंसी व्यवसायका लागि गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकालाई मासुजन्य उप्पादनमा आत्मनिर्भर बनाउन पशुपंक्षि व्यवसाय गर्ने कृषकहरुलाई विषेश कार्यक्रम ल्याईनेछ ।

**ख) पर्यटन**

- कोरोना भाइरसका कारण खस्किएको पर्यटन क्षेत्रलाई जीवन्तता दिन धार्मिक, सांस्कृतिक शैक्षिक लगायतका क्षेत्रसँग सम्बन्धित आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने नीति लिइनेछ । यसका लागि नगरस्तरीय पर्यटन प्रवर्द्धन बोर्ड गठन गरी कार्य अघि बढाईनेछ ।
- नगरपालिका भित्र पर्यटनको विकासका लागि आन्तरिक र वाह्य पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान गरी प्रचार प्रसार गर्ने, धार्मिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन गर्दै पद मार्ग बिकासका कार्यक्रमक्रमशः गरिदै लगिनेछ ।
- कोभिड १९ को कारण धराशाय भएको पर्यटनसँग सम्बन्धित व्यावसायहरु वडा कार्यालयमा सूचिकृत गर्दा लाग्ने शूल्कमा छुटको व्यवस्था गरिनेछ ।

**ग) उद्यम विकास, सहकारी, श्रम तथा रोजगार**

- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि तालिम (गोष्ठी)सञ्चालन गरी सहकारीको क्षमता विकास गर्दै उत्पादनमूखी क्षेत्रमा लगानी गर्न सहकारी खेतीका लागि प्रोत्साहित गरिदै लगिनेछ ।
- आवश्यकता अनुसार सहकारीहरुलाई क्रमशः एकीकरण गर्दै लैजाने नीति अबलम्बन गरी सहकारीहरुको अनुगमन, नियमन कार्य प्रभावकारी बनाइनेछ ।

- आगमी आ.व. मा उत्पादनमूखी, सेवामूखी र बहुउद्धेश्यीय सहकारीको नयाँ दर्ता गर्ने कार्यको थालनी गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिदैं थप प्रभावकारी बनाई रोजगारी सिर्जनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(घ) उद्योग तथा वाणिज्य**

- कृषि, फलफूल, जडिबुटी, घरेलु तथा साना उद्योगको सञ्चालनमा प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।
- उपभोक्ताहरुको हक हित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा र औषधी तथा खाद्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- महिला, दलित तथा अपाङ्गता भएका व्यक्तीहरुबाट सञ्चालित उद्योग व्यावसायहरुलाई सुदृढीकरण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।
- कृषि तथा वनजन्य उद्योग र स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगहरुको सञ्चालन र आधुनिकीकरण गर्न स्थानीय प्रविधिलाई प्रोत्साहन गरिदै लगिनेछ ।
- उपभोक्ताहरुको हितलाई ध्यानमा राखि प्रत्येक वडाहरुमा सहकारी मार्फत सुपथ मूल्य पसल सञ्चालनको लागि आवश्यक समन्वय गरिनेछ ।

**३) सामाजिक बिकासः**

**क) स्वास्थ्य**

- कोरोना भाईरस (कोभिड-१९) लगायतमहामारी जन्य रोगहरु रोकथाम र नियन्त्रण गर्न खोप लगायतका बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- कोरोना भाईरस (कोभिड-१९) को उपचारमा जनशक्ती अभाव हुन नदिन आवश्यकता अनुसार चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरुलाई सेवा करारमा लिने व्यवस्था मिलाईनेछ ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालन भएको आईसोलेशन केन्द्रलाई चिकित्सक, स्वास्थ्यकर्मीहरु लगायतका जनशक्ती र भौतिक पूर्वाधार सहित स्तोन्नती गरिदै लगिनेछ ।
- नगरपालिकाबाट सञ्चालीत एम्बुलेन्स सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिकाभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकरुको स्वास्थ्य जाँचको लागि घर दैलो स्वास्थ्य सेवा अझ प्रभावकारी बनाई घरदैलो अभियान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- निःशूल्क आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय ,प्रभावकारी र सुदृढ बनाउन नगरपालिकामा रहेका स्वास्थ्य संस्थामा न्यूनत्तम सेवा सञ्चालनका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको पहुँचलाई सुनिश्चीतता गर्न नगरपालिकामा रहेका आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि उत्प्रेरणा तथा मनोबल बढाउने किसिमका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

- गर्भवती महिलालाई निःशुल्क रुपमा प्रदान गरिंदै आएको क्याल्सियम ट्याब्लेट वितरणलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयका किशोरीहरुलाई पाठेघरको क्यान्सर सम्बन्धी भ्याक्सिन दिने कार्य संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरिनेछ ।

**ख) शिक्षा तथा खेलकुद**

- विद्यालय शिक्षाको आधार नै प्रारम्भिक बालविकास शिक्षा भएकोले बालविकास केन्द्रमा अध्ययनरत बालबालिकालाई दिईदै आएको निःशुल्क पोशाकको व्यावस्थालाई निरन्तरता दिईनेछ ।
- बालविकास केन्द्रका सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक मासिक १५ हजार पुऱ्याउने संघीय सरकारको घोषणालाई सुनिश्चितता दिई विद्यालयका कर्मचारीहरुलाई उत्प्रेरित गरिनेछ ।
- दलित विद्यार्थीको शिक्षामा पहुँच वृद्धि गर्नका लागि कक्षा १० सम्म अध्ययनरत दलित विद्यार्थीहरुलाई निःशुल्क पोशाकको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा संगीत, नृत्य, खेलकूद लगायतका अतिरिक्त क्रियाकलापमा जोड दिन सामुदायिक विद्यालयहरुलाई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- कोभिड १९ को दोश्रो महामारीबाट शैक्षिकक्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्न सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम अनलाईन अफलाईन लगायतका विभिन्न सिकाई माध्यमलाई अधिकतम प्रयोगमा ल्याईनेछ ।
- टेलिफोनको पहुँच भएका विद्यार्थीहरुको लागि सिकाई सहजीकरण गर्न सजिलो होस भनी शिक्षण कार्यमा संलग्न शिक्षक कर्मचारीहरुलाई न्यूनतम १०० दिन निःशूल्क टेलिफोन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

- सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न शिक्षकको क्षमता बढाउने खालका तालिमहरु सञ्चालन गरिनेछ । भौतिक रुपमा उपस्थित भै कार्यक्रम सञ्चालन गर्न सहज परिस्थिति नहुँदा सम्म अनलाईन मार्फत यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थीहरुलाई प्रोत्साहन गर्न पुरस्कार वितरण, शिक्षक सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कोभिड १९ का कारणले खेलकुदमा पारेको असरलाई हटाउन परिस्थिति सहज हुना साथ खेलकुदमा आवद्ध संस्थाहरुलाई क्रियाशिल बनाई खेलकुदलाई नगरस्तरीय खेलकूद समिति मार्फत व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

## ग) महिला,बालबालिका तथा समाजकल्याण

- महिला, एकल महिला, दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका लागि समुह, समिति, संस्था गठन, परिचालन, नेतृत्व, सचेतना र आयमूलक कार्यक्रमहरु संचालन गरी महिलाहरुलाई आत्मनिर्भर बनाईनेछ ।
- लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध विभिन्न सरोकारवाला निकाय,संस्था र नगरपालिकाको आयोजनामा विभिन्न कार्यक्रम संचालन गरी हिंसामूक्त नगरपालिका बनाईनेछ ।
- बालबालिका सम्बन्धी नीति, २०६८ का अनुसार बाल अधिकारको सम्मान,संरक्षण,संवर्द्धन र परिपूर्तिका लागि नगरपालिका भित्र बालबालिका सम्बन्धीविभिन्न कार्यक्रम संचालन तथा बालक्लव  गठन,बालगृहहरुको अनुगमन एवं विपदमा परेका बालबालिकाको पारिवारिक पुर्नस्थापना गर्ने नीति लिईनेछ ।

- एकल महिला र महिलाहरुको आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तनका लागि क्रमशः योजना तथा उद्यमशिलता तालिमसंचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी नगर कार्ययोजनाको निर्माण गरी कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- बालबालिकामा पर्न सक्ने मनोसामाजिक असर/प्रभावलाई कम गर्न सामुदायिक विद्यालयमा, बालगृहहरुमा सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम संचालन गरी बालमैत्री स्थानीय शासन नगर कार्य योजनाको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक हितको सुरक्षा, सम्मान र प्रत्याभूति दिलाउनक्षमता विकास तथा सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- दलित बर्गहरुको तथ्याङ्क संकलन गरी निजहरुको पेशा ब्यबसायलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- नगर भित्रका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्य गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्यद्वारा प्रदान गरिने सेवा सुविधा बारेमा अडियो भिडियोबाट सूचना प्रवाह गरी सेवामा पँहुच पुर्‍याउने नीति लिइनेछ ।
- आदिवासी, जनजाति, दलित र सिमान्तकृत वर्गहरुको उत्थानको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगर भित्र स्थायी रुपमा बसोबास गरेका शैक्षिक बेरोजगारहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिने साथै युवा लक्षित ड्राईभिङ्ग, मोवाईल मर्मत, कुक, वेटर लगायतका सीपमूलक तालिम संचालन गर्ने ब्यबस्था गरिनेछ ।

**घ) सांस्कृतिक प्रवर्द्धन**

- नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरभित्रका पुरातात्विक महत्वका सम्पदाको संरक्षण एवं पुनःनिर्माणका लागि अभिलेख तयार गरिनेछ ।
- सांस्कृतिक धरोहरका रुपमा नगरक्षेत्र भित्र रहेका बाजाखल, जात्रा, पर्व, लगायत सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

**ङ) वातावरण तथा विपद् व्यवस्थापनः**

- नगर तथा वडा स्तरीय विपद् व्यावस्थापन समितिलाई थप क्रियाशिल बनाउँदै विपद् पूर्व तयारी तथा राहत उद्धार कार्यका लागी (Quick Response Team) गठन गरिनेछ ।
- पूर्वाधार विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणको अवधारणालाई आत्मसात गरिनेछ ।
- विपद्मा परेकाहरुको लागि राहत तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यकतानुसार विपद् ब्यबस्थापन गर्न उद्धार सामग्रीहरु भण्डारण गरिनेछ ।
- वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्दै बातावरणीय सन्तुलन कायम गर्दै वनजन्य क्षेत्रको बहुउपयोग गरी आय र रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ ।
- नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गालाई हरियाली र आयका श्रोतको रुपमा विकास गर्न सामाजिक संघसंस्था तथा नगरवासीको संलग्नतामा फलफुलको बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- निकुञ्ज तथा बफरजोन क्षेत्र भित्र गरिने विकास निर्माणका लागि सरोकारवाला निकायसंग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- निजीक्षेत्रको समन्वयमा फोहोरमैला व्यवस्थापन गरी आन्तरिक आय स्रोतको रुपमा विकास गरिनेछ ।
- प्राकृतिक वातावरणको संरक्षण पुनःस्थापना र दिगो उपयोगमा जोड दिँदै पानी, वायु तथा ध्वनी प्रदुषण न्यूनिकरणका उपायहरु अवलम्वन गरिनेछ ।
- सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गर्न प्रत्येक वडामा आफ्नो वडा क्षेत्रभित्र मासिक रुपमा वडा सरसफाई कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।
- प्रत्येक वडाको सार्वजनिक स्थानमा सार्वजनिक शौचालय क्रमशः निर्माण गर्दै लगिनेछ ।
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA / IEE) गर्ने कार्यलाई जोड दिइनेछ ।
- नगर क्षेत्रमा रहेका सार्वजनिक खोला, खोल्सी,राजकुलो, पोखरी, जलाशय, ढुंगेधारा तथा खानेपानी मुहानहरूको संरक्षण र सम्बर्द्धन गरी जलश्रोतको सदुपयोगका लागि आवश्यक कार्य गरिनेछ ।
- अन्तर नगरपालिका एवं प्रदेश सरकार समेतको लागत साझेदारी कार्यक्रमवाट खुल्ला क्षेत्र र पुरातात्विक महत्वका क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी हरियाली क्षेत्रको विकास एवं पुरातात्विक सम्पदाको संरक्षण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

**५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन**

**क) संस्थागत विकास एवं सुशासन :**

- नगरपालिकाको विविध गतिविधिहरुको बारेमा सबै नागरिकहरुमा जानकारी गराई सुशासन अभिवृद्धि गर्न नगरपालिकाको Website व्यवस्थित र नगर मोबाइल एप्सको प्रयोगलाई विस्तार गर्दै सुचनाको हकको पहुँच आम नागरिक समक्ष पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिकाबाट भए गरेका बिकासका गतिबिधिहरु समेटी ब्रोसर, बुलेटिनहरु नियमित रुपमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- समय सापेक्ष जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धि,नेतृत्व विकास र विषयगत बढोत्तरी गर्दै सक्षम र व्यावसायीक जनशक्ति निर्माण गर्न आवश्यक वजेटको ब्यबस्था गरिनेछ ।
- विद्युतीय वोलपत्र प्रणालीलाई अवलम्बन गरी ठेक्का व्यबस्थामा देखिएको विकृतिलाई हटाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा कार्यरत सरकारी तथा अन्य सेवाका कर्मचारीहरुलाई साविकमा जि.वि.स.,गा.वि.स. तथा नगरपालिका सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएका कारण नगरपालिकाको कार्य सम्पादनमा अपेक्षित प्रभावकारीता नदेखिएकाले नगरपालिका सेवाका कर्मचारीहरुको वृत्ती विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी कर्मचारीहरुको समायोजन गर्न समायोजन ऐन बनाई कर्मचारी समायोजन गर्ने नीति लिईनेछ ।
- अस्थायी, करार तथा ज्यालादारीमाकार्यरत कर्मचारीहरुलाई कार्यकुशलता र कार्यसम्पादनका आधारमा प्रचलीत कानूनको परिधिमा रहि स्थायीत्व दिने तर्फ पहल गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायक मार्फत हुँदै आईरहेको डिजिटलाईजेशन कार्यक्रमलाई म्याद थप गरी निरन्तरता दिईनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७८।०३।०३ को च.नं ३१५९ को परिपत्र बमोजिम एम. आई एस. अपरेटर तथा फिल्ड सहायकका लागि एक चौमासिकको पारिश्रमिक श्रोत साझेदारीको लागि नगरपालिकामा कार्यरत एम. आई

एस. अपरेटर तथा फिल्ड सहायकका लागि एक चौमासीक बराबरको पारिश्रमिक व्यवस्था गरिनेछ ।

- नगरपालिकाको कार्य प्रकृति,कार्यवोझ, र औचित्यताको आधारमा आवश्यक जनशक्ति आँकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी प्राप्त सङगठन तथा व्यवस्थापन परिक्षण प्रतिवेदनको कार्यान्वयनलाईअघि बढाईनेछ ।
- कर्मचारीलाई उत्पेरित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यसम्पादन सूचकको आधारमा सुविधा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र रहेको सम्पूर्ण सार्वजनिक जग्गाजमिन, भवन, सवारी साधन एवं अन्य भौतिक सम्पत्तीको एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ती संरक्षणको कार्यलाई व्यवस्थित गरिदै लगिनेछ ।
- नगरपालिकाको सूचना सम्प्रेषण प्रणालीलाई भरपर्दो र प्रभाबकारी बनाउन संचारकर्मीहरु संग समन्वय गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई उत्प्रेरीत गर्न तथा मनोबल बढाउन अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु ल्याईनेछ ।
- नगरपालिका एवं मातहतका कार्यालयहरुबाट प्रदान गरिने सेवालाई प्रभावकारी र सेवाग्राही मैत्री बनाउन सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरी सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाहहरु एवं सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

**ख) सूचना प्रविधिः**

- सूचना प्रविधि ICT विकासका लागि पूर्वाधारहरु तयार गर्दै लगिनेछ ।
- नगरपालिकामा एकिकृत सूचना प्रणालीको विकास गरी थप प्रभावकारी गर्दे लगिनेछ ।नगरक्षेत्रको सार्वजनिक क्षेत्र,धार्मिक क्षेत्र तथा विद्यालय हाताभित्र सञ्चालन हुने फ्रि वाईफाई तथा सि.सि.टि.भि.लाई चुस्त दुरुस्त र प्रभावकारी बनाईदैं लगिनेछ ।

- Spatial Information सहितको घर नम्बरिङ्ग, व्यक्तिगत विवरण,बाटोघाटो नगरमा रहेका सार्वजनिक स्थानहरु समेटेर व्यवस्थित रुपको नगरपार्श्वचित्र नगर प्रोफाईल तयार गरी भौगर्भिक सूचना प्रणालीसँग जोडिने छ ।
- नगरपालिकामा सञ्चालन भएका प्रणालीहरुको Digital Security सहित DataBackup स्थापना गरिएकोमा सो डाटा सेन्टरबाट सेवा प्रवाहमा IT Tools & Techniques को व्यवस्थापन गरिनेछ ।
- पेशाकर्मीहरुको खुला चौतारी पत्रकार भेटघाट र राष्ट्रिय टेलिभिजनहरुसँगकोसहकार्यलाई निरन्तरता दिईनेछ ।विद्युतिय नक्सा प्रणाली (EBPS) लाई परियोजनागत रुपमै निरन्तरता दिईनेछ ।

**ग) राजश्व परिचालन**

- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका श्रोत र दायरा पहिचान गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई कर प्रतिको सकारात्मक धारणा अभिवृद्धी गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको आन्तरीक राजस्व चुहावट नियन्त्रण गर्न विलिङ सफ्टवेयरलाई थप व्यवस्थित र आवश्यकता अनुसार परिमार्जन गर्दै कर्मचारीहरुलाई राजस्व सम्बन्धी तालिमको व्यावस्था गरिनेछ ।
- करदाताहरुलाई समयमा नै कर तिर्ने वातावरण श्रृजना गर्नका लागि कर छुटको विशेष व्यवस्था गरिनेछ ।
- राजस्व सुधार नीति अनुरुप स्थानीय सरकारले लिन सक्ने राजस्वका थप क्षेत्रहरुको समेत अध्ययन गरी राजस्व प्राप्त गर्न सक्ने क्षेत्रहरुमा बहुवार्षिक योजना तथा कार्यक्रमहरुमा समावेश गरी दीर्घकालिन राजस्व प्राप्ति सुधारका क्षेत्रहरु बढाउने नीति लिईनेछ ।

- कर प्रशासन सम्बन्धी प्रक्रियालाई अझैं सरल, प्रगतीशील, पारदर्शी र अनुमानयोग्य बनाइनेछ ।
- कोभिड-१९ का कारण आम नागरिकहरुमा पर्न गएको असरलाई मध्यनजर राख्दै करदाताहरुलाई उत्प्रेरित गर्न आर्थिक ऐन, २०७८ मा व्यावस्था गरी तोकिएका क्षेत्रहरुमा केही कर छुट र जरिवाना छुटको ब्यबस्था गरिनेछ ।

**कानून तर्फः**

- आबश्यक थप ऐन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । संघ र प्रदेशबाट तर्जुमा भएका कानूनहरुको आधारमा आवश्यकता अनुसार थप कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिकाबाट जारी भएका कानूनहरुको संग्रह पुस्तिका प्रकाशन गरिनेछ ।

**न्यायिक समिति तर्फः**

- नगरपालिकाको न्यायिक सम्पादन कार्यलाई अझै प्रभावकारी र व्यवस्थित बनाउनका लागि सफ्टवेयर सञ्चालनमा ल्याईनेछ । साथै वडास्तरीय मेलमिलाप केन्द्रहरु स्थापना गर्दै लगिनेछ ।
- न्याय सम्पादनलाई थप प्रभावकारी बनाउन न्यायीक समितिका पदाधिकारीहरु,मेलमिलापकर्ताहरु र कर्मचारीहरुलाई पुर्नताजगी तालिमको व्यावस्था गरिनेछ ।
- न्यायीक समितीबाट भएका फैसला तथा निर्णयहरु वडासँग समन्वय गरी प्रभावकारी रुपले कार्यान्वयन गरिने निति अवलम्बन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

नगरपालिका क्षेत्रमा हाल वसाईंसराई गरी आउने क्रम तिव्र रुपमा बढी जनघनत्व बढिरहेको हुँदा नागरिकको माग र चाहना बमोजिम सेवा दिनु पर्ने अवस्थामा नगरपालिका रहेको छ । तीव्र रुपमा वृद्धि हुदै गएको जनसांख्यिक अवस्थालाई विश्लेषण गर्दा आर्थिक सामाजिक अवस्था सुधार गर्न नगरपालिकाले अझै धेरै कार्य गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । नगरपालिकाको संरचनागत र संस्थागत विकास भई विकास निर्माण कार्यले गति लिन थालेको छ । बस्ती विकास संगै नगरपालिका क्षेत्र भित्रका बाटो घाटोको सुधार, खानेपानीको ब्यबस्था लगायतको भौतिक पूर्वाधार विकास गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । ग्रामीण क्षेत्रको बाहुल्य रहेको यस नगरपालिका क्षेत्रमा आर्थिक रुपले सक्रिय जनशक्ति कामको खोजीमा अन्यत्र गएको अवस्थाले गर्दा यस क्षेत्रका कतिपय खेतीयोग्य जमिन बांझो रहन गएको छ । नगरको विशेष गरी ग्रामीण क्षेत्रमापहिला देखि नै छरिएर बसोबास रहेका कारण आधारभूत सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको छ । त्यसैगरी भू–उपयोग अवस्था उत्तिकै चिन्ताजनक रहेको छ । खुला तथा सार्वजनिक क्षेत्रको संरक्षण पर्याप्तमात्रामा हुन सकिरहेको छैन । वातावरणमैत्री र व्यवस्थित शहरीकरणको अभाव रहन गएको छ । विना अध्ययन मौलिक प्राकृतिक स्वरुपमा निर्मम प्रहारका कारण वातावरणीय विनासबाट उत्पन्न हुने खतरालाई मौजुदा अवस्थामा हामीले सामना गर्नु पर्ने अवस्था रहेको छ ।

काठमाण्डौ महानगरपालिका र टोखा नगरपालिकासँग सिमाना जोडिएको यस नगरपालिका धादिङ तथा नुवाकोट जिल्लासँग पनि सिमाना जोडिएको हुनाले प्रदेशस्तरीय सडक पूर्वाधार विकासको सम्भावना रहेको छ । धार्मिक, पुरातात्विक, पर्यटकीय महत्व बोकेका तारकेश्वर महादेव, मनमैजु मन्दिर, पुरानो गुह्नेश्वरी, पाँचमाने, जितपुर, शान्तिधाम, भुवनेश्वरी जस्ता सम्पदाहरुले सार्वजनिक निजी साझेदारीको अवसर सहितको लगानी माग गरेका छन् । फोहरमैला व्यवस्थापन, अन्तर जिल्ला सडक, पर्यटन पूर्वाधार जस्ता क्षेत्रमा साझेदारीका सम्भावनाहरु रहेका छन् । यही सम्भावनालाई मुर्तरुप दिने कार्यमा प्रदेश सरकार र काठमाण्डौ महानगरपालिकासँगको साझेदारीमा योजना कार्यान्वयन गर्ने पक्रियाको थालनी

गरिएको छ । नगरपालिकाको पूर्वाधार विकास निर्माण कार्यमा विभिन्न निकायसंग लागत साझेदारीमा कार्य गराउने प्रक्रियालाई आगामी दिनमा अझ व्यवस्थित र परिणाममुखी बनाउदै लगिने नीतिलाई निरन्तरता दिइनेछ।अन्तर्राष्ट्रिय मञ्चमा समेत नगरपालिकाको उपस्थिति जनाउने कार्यलाई अगाडि बढाइएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अव म बजेट तथा कार्यक्रमका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका आधारहरु निम्नानुसार लिइएको छः-

- नेपालको संविधान,
- पन्ध्रौं योजना,
- स्थानीय सरकार संचालन ऐन,२०७४,
- राष्ट्रिय प्राकृतिक श्रेत तथा वित्त आयोग, २०७४,
- अन्तर सरकारी वित्त व्यावस्थापन ऐन,२०७४
- संघीय तथा प्रदेश सरकारबाट जारी गरेको नीति, कानून, मार्ग निर्देशनहरु तथा परिपत्रहरु,
- नगरपालिकाबाट गठित विभिन्न विषयगत समितिहरुबाट प्राप्त सुझावहरु,
- सरोकारवाला तथा विज्ञहरुको राय सुझावहरु,
- नगरपालिकाको जनसंख्या,
- नगरपालिकाको भौगोलिक अवस्था ।

**अब म आ.ब. २०७७/०७८ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

बजेट तथा कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन् ।

- ✓ सबै प्रकारका प्रकोप, महामारी र विपद्बाट जीवन रक्षा गर्दै नगरवासीलाई सुरक्षित बनाउने,
- ✓ नगरवासीहरुको आर्थिक सामाजिक अवस्थामा सुधार गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने,
- ✓ उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्दै न्यायोचित बितरण गर्ने,
- ✓ पूर्वाधार विकासमा जनसहभागिता अभिवृद्धि गर्दै विकासमा अपनत्व जगाउने,
- ✓ सेवा प्रवाहलाई सरल, मितव्ययी र पारदर्शी बनाउँदै नगरपालिकाप्रति आमनागरिकहरुको आस्थालाई अभिबृद्धि गर्ने ,
- ✓ महिला, बालबालिका, अपाङ्ता, पिछडिएका समुदाय तथा जेष्ठनागरिकहरुलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमहरु ,
- ✓ लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने ,
- ✓ दिगो विकास वातावरण संरक्षण तथा संवर्द्धन गर्ने,
- ✓ पर्यटन क्षेत्रको विकास प्रवर्द्धन र प्रचार प्रसार गर्ने ।

उपरोक्त उद्देश्यहरु हासिल गर्न देहायका प्राथमिकताका क्षेत्रहरुनिर्धारण गरिएको छ ।

- ✓ स्वास्थ्य, कोभिड रोग नियन्त्रण र रोकथाम,
- ✓ कृषि तथा पशु सेवा,
- ✓ पूर्वाधार विकास(सडक,पुल, भवन, सिंचाई,खानेपानी,पार्क निर्माण आदि),
- ✓ व्यवसायिक शिक्षा,
- ✓ पर्यटन,

- ✓ वातावरण,फोहरमैला तथा विपद व्यवस्थापन,
- ✓ सुशासन तथा संस्थागत विकास,
- ✓ सुचना तथा सञ्चार,
- ✓ सहकारी,
- ✓ युवा तथा खेलकुद,

**सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको सक्षिप्त अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्ब ८४ करोड १२ लाख १८ हजार रुपैयाँ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालू तर्फ रु. ७० करोड ४७ लाख २१ हजार अर्थात ३८.२७ प्रतिशत, पुंजीगत तर्फ रु. १ अर्व १३ करोड ६४ लाख ९७ हजार रुपैयाँ अर्थात ६१.७३ प्रतिशत रहेको छ । चालु आ.व. २०७७/०७८ मा नगरपालिकाबाट सम्झौता भई सम्पन्न हुन बाँकी र सम्झौता नभएका पूर्वाधार तथा अन्य क्षेत्रगत तर्फका योजनाहरुको विनियोजित पूँजीगत बजेटमा समावेश नगरिएको हुदाँ हाल प्रस्तुत गरिएको वजेटमा सो रकम थप हुने व्यहोरा यस सभा समक्ष जानकारी गराउन चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आम्दानीबाट रु. २१ करोड ७० लाख ७५ हजार, राजस्व बाँडफाँडबाट रु. ५३ करोड १२ लाख ४३ हजार, नेपाल सरकारबाट समानीकरण अनुदानतर्फ रु. २२

करोड ५९ लाख र सशर्त, विशेष तथा समपूरक अनुदान तर्फ रकम रु. ३३ करोड १२ लाख, प्रदेश सरकारबाट  समानीकरण अनुदानतर्फ रु. २ करोड ५१ हजार, सशर्त, विशेष तथा समपूरक अनुदान तर्फ रकम रु. ५ करोड २६ लाख ५३ हजार, अन्य स्थानीय तहबाट रु. ५ करोड, विशेष कोष अन्तर्गत रु. १२ करोड ३१ लाख १७ हजार र नगद जनसहभागिताबाट रु. ४ करोड र अन्य आयबाट रु. २४ करोड ९९ लाख ८० हजार गरी कुल १ अर्ब ८४ करोड १२ लाख १८ जुटाइनेछ।

**अन्त्यमा,**

तारकेश्वर नगरपालिकाको नवौं नगर सभा सफल रुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रवाट रचनात्मक सुझाव र सहयोग पुर्‍याउनु हुने नगर सभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, राजनीतिक दलहरु, अर्थविद्, निजी क्षेत्र, सहकारी क्षेत्र, शुभेच्छुक महानुभावहरु, सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु, सञ्चारकर्मीहरु तथा नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु । वजेट कार्यान्वयनका लागि आगामी दिनहरुमा यहाँहरुको पूर्ण सहयोग, साथ र सहभागिताको अपेक्षा समेत गर्दछु। अन्तमा, मुलुक भित्र र बाहिर रहनु भएका सबै नेपाली दिदी बहिनी तथा दाजु भाइहरुलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहंदै सबल, समृद्ध र न्यायपूर्ण समाज निर्माणमा सहभागी हुन आह्वान गर्दछु।

**धन्यवाद ।**

